# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)**

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ माघ १२ गते

**मानव अधिकारको वर्तमान अवस्था सम्बन्धमा प्रधानमन्त्री र आयोगका पदाधिकारीबीच छलफल**

लामो समयदेखि तराई मधेसमा जारी आन्दोलनको क्रममा सर्वसाधारण तथा सुरक्षाकर्मीको हत्या भएको तथा नागरिकको स्वतन्त्रापूर्वक बाँच्न पाउने अधिकार हनन् भएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले आज सरकारको ध्यानाकर्षण गराएको छ । आयोगका अध्यक्ष तथा सदस्यहरुले बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटी मानव अधिकार हनन्का घटनाहरु पछिल्लो समयमा बढ्दै गएको तर्फ सरकारको ध्यानाकर्षण गराउनु भएको छ । वार्ता र संवादको माध्यमबाट यथाशीघ्र समस्याको हल खोज्न आयोगका पदाधिकारीहरुले प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको थियो । भेटघाटका क्रममा प्रधानमन्त्री ओलीले राजनीतिक सम्बोधनबाटै तराई मधेसको समस्या समाधान हुनुपर्नेमा जोड दिनुभयो ।

आयोगले विभिन्न समयमा गरेका सिफारिशहरु कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको भन्दै प्रधानमन्त्री ओलीले आयोगलाई आगामी दिनमा अझ प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । भूकम्प पीडितको आवासको अधिकार, द्वन्द्व पीडितको न्याय प्राप्तिको अधिकार, महिला अधिकारको संरक्षण सरकारको प्राथमिकतामा रहने भन्दै त्यसका लागि सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले ग्रामीण तहसम्मको सचेतना अभिवृद्धि गराउन आयोग सक्रिय रहनु पर्ने भन्दै त्यसबाट मानव अधिकारको संस्कृति विकास हुने बताउनुभयो ।

सो अवसरमा अध्यक्ष शर्माले सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग आयोगले छुट्टा-छुट्टै छलफल गरी मानव अधिकारको संरक्षणका लागि कार्य गरिरहेको बताउँदै तराई मधेस आन्दोलनलाई कुनै पनि हालतमा लम्ब्याउन नहुने धारणा राख्नुभएको थियो । उहाँले देशमा मानव अधिकारको वर्तमान स्थिति, तराई मधेस केन्द्रित आन्दोलन, भूकम्प पीडितहरुको अवस्था नाजुक रहेको, लामो समयको आन्दोलनबाट आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारमा परेको असर, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रभावकारिता लगायतको विषयमा प्रधानमन्त्रीलाई जानकारी गराउनुभएको थियो । उहाँले भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन तत्काल पुनर्निर्माण गर्नुपर्ने, राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन, संक्रमणकालिन न्याय र सोको लागि गठित आयोगहरुको प्रभावकारीताको लागि तत्काल नियमावली पारित गर्नुपर्ने सम्बन्धमा ध्यानाकर्षण गराउनुभयो । आन्दोलनरत पक्ष र सरकारका बीचमा देखिएको राजनीतिक समस्याको समाधान वार्ता र संवादबाटै गरिनुपर्ने भन्दै अध्यक्ष शर्माले आवश्यक परेमा आयोगले सोका लागि सहजीकरण वा मध्यस्तता गर्न सक्ने बताउनुभयो । भेटघाटमा आयोगका सदस्यहरु प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी, गोविन्द शर्मा पौड्याल र का.मु सचिव वेद भट्टराईको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org